**आकाशवाणी**

**समाचार तुलसा शर्माबाट सुन्नुहोस्।**

**मुख्य समाचार।**

- हरियाणामा वीजेपीको सरकार बन्ने तय, जम्मु-कश्मीरमा एनसीपी-को कमाल
- प्रधानमन्त्रीले पूर्व नेता स्वर्गीय राम विलास पासवानको पुण्यतिथिमा दिनुभयो श्रद्धांजलि
- भारतीय वायु सेनाले आफ्नो स्थापना दिवस मनाइरहेको
- संयुक्त राष्ट्र महासचिवले पश्चिम एशियामा शान्ती बनाइ राख्ने गर्नुभयो, अपील ,अनि
- पुरूषवर्गको टी-20 खेलमा भोली भारतको भिडन्त बांग्लादेश

**जम्मू-कश्मीर मतगणना - (1425)**

जम्मू-कश्मीर विधानसभा चुनाउमा जीतपछि नेशनल कन्फ्रेन्सका उपाध्यक्ष श्री उमर अब्दुल्लाले भन्नुभएको छ, मानिसहरूले भारतीय जनता पार्टी र यसका सहयोगीहरूको राजनीतिलाई खारेज गरेका छन्। गांदरबलबाट विजयी उम्मेदवारको प्रमाण पत्र प्राप्त गरेपछि मिडियाहरूसित कुराकानी गर्दै श्री अब्दुल्लाले गठबन्धनका सहयोगीहरूसित बैठक गर्ने अनि आगामी केही दिनमा भविष्यको रणनीति तय गर्ने बताउनुभयो।

नेशनल कन्फ्रेन्सका अध्यक्ष श्री फारूक अब्दुल्लाले श्रीनगरमा घोषणा गर्नुभएअनुसार श्री उमर अब्दुल्ला नयाँ गठबन्धन सरकारका मुख्यमन्त्री हुनुहुनेछ।

अर्कोतिर, पीडीपीकी अध्यक्ष श्रीमती महबूबा मुफ्तीले हार स्वीकार गर्नुभएको छ। उहाँले भन्नुभएको छ, आफ्नो पक्षमा आंकड़ा नभए पनि आफ्नो पार्टी अझ पनि दहिलो स्थितिमा छ। उहाँले श्रीनगरमा भन्नुभयो, जम्मू-कश्मीरवासीले स्थिर सरकारको पक्षमा मतदान गरे अनि उनीहरू नेशनल कनफ्रेन्स र कंग्रेस गठबंधनमाथि आफ्नो भरोसा देखाउँदछन्।

अवगत गराइन्छ, आज हरियाण अनि जमु-कश्मीर गरी दुईवटा राज्यको मतपरिणाम घोषणा भयो। अहिलेसम्मको आँकड़ाअनुसार नब्बेजना सदस्य भएको हरियाणामा भारतीय जनाता पार्टी विजयको दिशामा अघि बढ़िरहेको छ भने जम्मु-कश्मीरको नब्बेवटा आसनमध्ये नेशनल कन्फ्रेन्स र कंग्रेसको गठबन्धनले आधाभन्दा अधिक सीटमा विजय हासिल गरेको छ।

अहिलेसम्मको आँकड़ा अनुसार हरियाणामा उनासीवटा आशनको मतपरिणाम आइसकेको छ, जहाँ भारतीय जनता पार्टीले एकचालीसवटा आसनमा जित हासिल गरिसकेको छ भने सातवटामा अघि छ।

तेंतीसवटा आसनमा जित हासिल गरिसकेको कंग्रेस पार्टी चारवटा आशनमा अघि छ।

हरियाणाबाट वीजेपीका नेता तथा मुख्यमन्त्री श्री नवाब सिंह सैनिले लादवा आसनबाट जित हासिल गरिसक्नुभएको छ।

पीएम-पासवान पुण्यतिथि

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज पूर्व नेता स्वर्गीय  राम विलास पासवानलाई उहाँको पुण्यतिथिमा श्रद्धांजलि दिनुभयो । सोशल मीडिया पोस्टमा, प्रधानमन्त्रीले भन्नुभयो, श्री पासवान एकजना  उत्कृष्ट नेता हुनुहुनथ्यो । उहाँ गरीबलाई सशक्त बनाउने र एउटा बलियो तथा विकसित भारतको निर्माण प्रति समर्पित हुनुहुनथ्यो । उहाँलाई देशका ठूला नेता मध्ये एक बताउँदै, श्री मोदीले उहाँसंग काम गर्ने अवसरका लागि आभार व्यक्त गर्नुभयो र भन्नुभयो, उहाँले केही मुद्दामा श्री पासवानको अन्तर्दृष्टिलाई धेरै सम्झिनु हुन्छ।

वायु सेना दिवस

भारतीय वायु सेनाले  आज आफ्नो स्थापना दिवस मनाइरहेको छ । मुख्य कार्यक्रम चेन्नाईको ताम्बरम एयरफोर्स स्टेशनमा आयोजित गरिएको छ । यस अवसरमा थल रक्षा प्रमुख  जनरल अनिल चौहानले झण्डा फहराउनु भयो । वायु सेना प्रमुख श्री ए .पी सिंहले परेडको निरीक्षण गर्नुभयो भने उत्कृष्ट प्रदर्शन गर्ने वायु सेनाको यूनिटलाई प्रशंसा पत्र र पुरस्कार प्रदान  गर्नुभयो । वायु सेना प्रमुखले परेडलाई संबोधित गर्दै भन्नुभयो , विश्वमा सुरक्षाको ताजा परिवेश अनि हिंसक संघर्षलाई हेर्दै देशको वायु सेना सक्षम र बलियो हुनु धेरै आवश्यक छ । उहाँले भन्नुभयो, देशको सुरक्षा र हितको समक्ष आउने कुनै पनि चुनौतीसंग जुझ्नका लागि तयार रहनुपर्छ। उहाँले वर्तमान वैश्विक परिवेशमा आधुनिक प्रौद्योगिकी र नवाचारको ठूलो भूमिका रहेको बताउनुभयो ।

शेयर बाजार

घरेलू शेयर बाजारमा आज दिनको कारोबारमा तेज देखीएको छ । ताजा समाचार मिलुनजेल बम्बई शेयर बाजारको सूचकाङ्क Sensex तिनसय छयासट्ठीअंकको बढोत्तरीका साथ एकासी  हजार चार सय सोह्र अंकमा र नेशनल स्टक एक्सचेन्जको निफ्टी एक सय एकतिस  अंकको तेजीका साथ चौबीस हजार नौं सय सताइस  अंकमा कारोबार गरिरहेको थियो भने मिडक्याप र स्मल क्याप सूचकाङ्कमा पनि एक प्रतिशतको बढोतरी  देखीदैछ ।

संयुक्तराष्ट्र वीडियो संदेश

संयुक्त  राष्ट्र महासचिव श्री एनतोनियो गुते रसले गाजा संघर्षको पहलो वर्षगांठमा आफ्नो सन्देशमा पश्चिम एशियामा शान्ती बनाइ राख्ने अपील गर्नुभयो। हिजो भिडियो सन्देशमा श्री गुतेरसले भन्नुभयो , मानिसलाई बन्धक बनाइने तथा हमासको अन्य घृणित कार्यको कडा शब्दमा निन्दा  गर्नु

आजको दिन वैश्विक समुदायको जिम्मेबारी हो।      संयुक्त राष्ट्र प्रमुखले संघर्षको सबै पीडित र उनीहरूका परिवार प्रति एकजुटता व्यक्त गर्दै सबै बन्धकलाई तत्काल बिना शर्त रिहा गर्ने मांग गर्नुभयो।

राजनाथ - जर्मन रक्षा मंत्री

रक्षा मन्त्री श्री राजनाथ सिंहले आज जर्मनीका रक्षा मन्त्री  श्री बोरिस पिस्टोरियस संग  टेलीफोनमा बातचीत  गर्नुभयो। श्री सिंहले सोशल मीडिया पोस्टमा दुबै नेताले रक्षा औद्योगिक सहयोगलाई अझै बलियो गर्नमा चर्चा गरेको बताउनुभयो। उहाँले भन्नुभयो, हवाई र समुद्री क्षेत्रमा अभ्यास सहित चलीरहेको रक्षा सहयोग गतिविधीको पनि समीक्षा  गरियो। श्री सिंहले दुबै मन्त्रीले भारत-जर्मनीका संयुक्त परियोजनाका साथै रक्षा गतिविधीलाई ठोस आकार दिनका लागि भविष्यमा भेट्ने पनि योजना बनाउनु भएको छ।

अटल पेन्शन योजना

अटल पेन्शन योजना अन्तर्गत अहिले सम्म सात करोड़ भन्दा अधिक नामाङ्कन भएको छ। पेन्शन फन्ड नियामक र विकास प्राधिकरण द्वारा आज जारी आंकड़ा अनुसार, चालू वित्त वर्षमा अहिलेसम्म छपन्न  लाख भन्दा धैरै नामाङ्कन भएको छ। अटल पेन्शन योजना असंगठित क्षेत्रका श्रमिकका लागि योगदानको आधार प्रति महिना  एक हजारदेखी  पाँच हजार रुपियाँको पेन्शन प्रदान गर्ने एक सामाजिक सुरक्षा योजना हो।

नोबेल पुरस्कार-भौतिकी

श्री जन एच. होपफील्ड र जेफ्री ई. हिङ्टनलाई आर्टिफिशियल न्युरल  नेटवर्कका माध्यमद्वारा मशीन learning –लाई सक्षम गर्ने मूलभूत खोज र आविष्कारका लागि भौतिकीमा दुई हजार चौबीसको नोबेल पुरस्कार दिइने छ। उहाँले  आधुनिक समयको शक्तिशाली मशीन learning –को जग  राख्ने विधीलाई विकसित गर्नका लागि भौतिकी उपकरणको उपयोग गर्नुभयो। श्री जन हप फ़ील्डले एउटा सहयोगी मेमोरी बनाउनु भयो , जो डेटामा छवी र अन्य पेट्र्नलाई संग्रहीत एवं  पुनर्निर्माण गर्नमा सक्षम छ। श्री जेफ्री हिंटनले  एउटा यस्तो विधिको आविष्कार गर्नुभयो जसले  स्वायत्तताले डेटामा गुणको पहिचान गर्छ र छविमा विशिष्ट तत्वलाई चिन्ने जस्तो कार्य गर्छ।

भारत-बांग्लादेश टी-20

पुरूष क्रिकेटमा भारतले भोली नयाँ दिल्लीको अरूण जेटली स्टेडियममा तीन म्याचको श्रृंखलाको दोस्रो टी-20 म्याच बांग्लादेशसंग खेल्नेछ। म्याच साँझ सात बजी शुरू हुनेछ। तीनवटा म्याचको श्रृंखलामा भारतले एक-शून्यको बढोतरी बनाइसकेको छ। सूर्य कुमार यादवको कप्तानी टीम इण्डियाले दोस्रो टी-20 म्याचमा बांग्लादेशमा जीत दर्ता गर्न चाहान्छ। बांग्लादेशले भोली म्याच जीतने भरपूर कोशिश गर्नेछ।आइतवार खेलिएको पहिलो म्याचमा भारतले शान्तोको कप्तानी भएको बांग्लादेशलाई सात विकेटले हराएर एकतर्फी जीत दर्ता गरेको थियो।

मुख्य समाचार फेरी एकपल्ट

- हरियाणामा बीजेपीको सरकार बन्ने तय, जम्मु-कश्मीरमा एनसीपी-को कमाल
- प्रधानमन्त्रीले पूर्व नेता स्वर्गीय राम विलास पासवानको पुण्यतिथिमा दिनुभयो श्रद्धांजलि
- भारतीय वायु सेनाले आफ्नो स्थापना दिवस मनाइरहेको
- संयुक्त राष्ट्र महासचिवले पश्चिम एशियामा शान्ती बनाइ राख्ने गर्नुभयो, अपील ,अनि
- पुरूषवर्गको टी-20 खेलमा भोली भारतको भिडन्त बांग्लादेश